संघीय संसद
राष्ट्रिय सभा
अठारौं अधिवेशन
बैठक-४०
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)
२०८२ भदौ ६ गते शुक्रवार

*बैठक प्रारम्भ १:१० बजे*
*बैठक स्थगित ४:२२ बजे*

---

संघीय संसद, राष्ट्रिय सभाको अठारौं अधिवेशनको चालिसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:१० बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले आकस्मिक समयमा बोल्नका लागि देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य गोपाल भट्टराईले** चिन र भारतले नेपालको भूभाग लिपुलेकबाट व्यापारीक मार्ग सञ्चालन गर्ने भनिएको कुरामा विरोध जनाउदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य जग प्रसाद शर्मा**ले नेपालको लिपुलेकबाट गरिने भनी भएको व्यापारिक सम्झौताको विरोध गर्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य कृष्ण बहादुर रोकायले** चिन र भारतले नेपालको भूमि हुँदै ब्यापार गरिने भनी भएको सम्झौताको विरोध गर्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य डा. बेदुराम भुसालले** नेपालको भूभाग लिपुलेक क्षेत्र हुदै ब्यापार गर्ने भनी गरिएको सम्झौताको विरोध गर्दै यस सम्बन्धमा कुटनैतिक सम्बन्ध मार्फत यो कार्य रोक्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य घनश्याम रिजालले** नेपालको सहमति तथा उपस्थिति बिना नेपालको भूमि प्रयोग गर्ने गरि चिन र भारतले गरेको सम्झौताको सन्दर्भमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य पदम बहादुर परियारले** चिन र भारतले नेपालको भूमि हुँदै ब्यापार गरिने भनी भएको सम्झौताको सम्बन्धमा कुटनैतिक पहल गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य मनरुपा शर्माले** सरकारको ध्यान लिपुलेक तर्फ नरहेको जिकिर गर्नुभयो।

**माननीय सदस्य रुकमिणी कोइरालाले** चिन र भारतले नेपालको भूभाग लिपुलेकबाट व्यापारीक मार्ग सञ्चालन गर्ने भनिएको कुरामा विरोध जनाउदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य रेनु चन्दले** महिलामाथि दमन गर्ने मार्गमा सरकार लागेको जिकिर गर्नुभयो।

**माननीय सदस्य विष्णु कुमारी सापकोटाले** चिन र भारतले नेपालको भूमि हुँदै ब्यापार गरिने भनी भएको सम्झौताको विरोध गर्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले** नेपालमाथि चिन र भारतले गरेको हस्तक्षेप तुरुन्त फिर्ता लिनु पर्ने जिकिर गर्नुभयो।

**माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले** चिन र भारतले नेपालको भूमि हुँदै ब्यापार गरिने भनी भएको सम्झौता प्रति खेद प्रकट गर्नुभयो।

**माननीय सदस्य सावित्री मल्लले** चिन र भारतले नेपालको भूमि हुँदै ब्यापार गरिने भनी भएको सम्झौताको विरोध गर्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रादेशिक सरोकार समयमा बोल्नका लागि दलीय आधारमा देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य आनन्द प्रसाद ढुँगानाले** सङ्घीयताको भावना अनुरूप हामिले कानुन निर्माण गर्न नसकेको हुनाले नेपाली जनताले संविधानले दिएको अधिकारको पूर्ण उपयोग उपयोग गर्न नपाएको जिकिर गर्दै सङ्घीयतालाई पूर्ण कार्यान्वयन हुनेगरि कार्यक्रम सञ्चालन गर्न सबै राजनीतिक दलले साझा धारणा निर्माण गर्नुपर्ने बताउनुभयो।

**माननीय सदस्य तारामान स्वाँरले** सुदूरपश्चिम प्रदेश विकट भौगोलिक अवस्था तथा विकासमा पछाडि रहेको भएता पनि विकासका अनेक सम्भावना रहेकोले त्यहाँ रहेका आर्थिक विकासका पक्षहरूको समुचित पहिचान र परिचालन मार्फत विकासमा फड्को मार्न सकिने बताउनुभयो।

**माननीय सदस्य मदन कुमारी शाह (गरिमा)**ले भौगोलिक अखण्डताको हिसाबले कोही सत्तापक्ष र विपक्ष नहुने जिकिर गर्दै भौगोलिक विकासका मार्गमा हामी सबै एक साथ लागि पर्नुपर्ने बताउनुभयो।

**माननीय सदस्य मोहम्मद खालिदले** मधेस प्रदेश सुख्खा प्रदेशको रुपमा घोषणा भएको अवस्थामा किसानलाई कृषि फसल उत्पादन गर्ने प्रक्रियामा के कस्ता सहुलियत तथा राहतको कार्यक्रम आउने हुन? ति कार्यक्रमहरु तुरुन्त कार्यान्वयनमा ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य शेखर कुमार सिंहले** अन्नको भण्डारको रुपमा रहेको मधेश प्रदेशलाई सुख्खा प्रदेशको रुपमा घोषणा गर्ने अवस्था आएकोले सरकारले चुरे संरक्षण मार्फत मधेसमा सिँचाइ तथा खानेपानिको अभाब नहुने वातावरण निर्माण गर्ने कार्यक्रम सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु कुमारी सापकोटाले** सङ्घीयतालाई सफल बनाउन प्रदेश र स्थानीय सरकारलाई बलियो बनाउनु पर्ने जिकिर गर्दै लुम्बिनी प्रदेश भित्रका उत्पादित स्थानिय तथा रैथाने बालिमा प्राथमिकता दिन सके आर्थिक विकासमा प्रदेश र स्थानीय तह आफैमा सक्षम र सवल हुने बताउनुभयो।

**माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरेले** लुम्बिनी प्रदेश भौगोलिक, सामाजिक/सांस्कृतिक, धार्मिक, पर्यटकीय रुपमा बिबिधतायुक्त रहेकोले यि सबै क्षत्रको समुचित उपयो तथा परिचालन गर्न सकेमा लुम्बिनी प्रदेशले विकासमा फड्को मार्न सक्ने जिकिर गर्नुभयो।

**माननीय सदस्य रेनु चन्दले** नेपलाको सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि आच आउने गरि कुनै पनि देशले हस्ताक्षप गर्न नहुने जिकिर गर्दै अन्तर्राष्ट्रिय मापदण्ड तथा सुगौली सन्धिलाई मान्ने हो भने लिपुलेकमा चिन र भारतले ब्यापार गर्ने भनी गरेको सम्झौता भारतले फिर्ता लिनु पर्ने बताउनुभयो।

**माननीय सदस्य इन्दिरा देवी गौतमले** कोसी प्रदेश हिमाल देखि तराई सम्म फेलिएको हुनाले सामाजिक, सांस्कृतिक, ऐतिहासिक, जातीय, धार्मिक तथा भौगोलिक लगायतका क्षत्रमा बिबिधता अत्यन्तै उच्च रेहेको भएतापनि बिबिधतमा एकताको भावनामा बाधिएको यो प्रदेशमा रहेका सबै पक्षको समुचित परिचालन मार्फत विकासमा फड्को मार्न सकिने जिकिर गर्नुभयो।

त्यसपछि, **गृह मन्त्रालयसँग** सम्बन्धित प्रश्नोत्तरको कार्यक्रममा प्रश्नकर्ता **माननीय सदस्य मदन कुमारी शाह(गरिमा)ले** प्रश्न सोध्नुहुँदा **माननीय गृह मन्त्री रमेश लेखकले** उक्त प्रश्नको जवाफ दिनुभयो।

त्यसपछि, **उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग** सम्बन्धित प्रश्नोत्तरको कार्यक्रमा प्रश्नकर्ता **माननीय सदस्य माया प्रसाद शर्माले** प्रश्न सोध्नुहुँदा **माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले** उक्त प्रश्नको जवाफ दिनुभयो।

त्यसपछि, **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग** सम्बन्धित प्रश्नोत्तरको कार्यक्रमा प्रश्नकर्ता **माननीय सदस्य माया प्रसाद शर्माले** प्रश्न सोध्नुहुँदा **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेले** उक्त प्रश्नको जवाफ दिनुभयो।

त्यसपछि, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेले **"अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो र सो प्रस्तावमाथिको छलफलमा देहायबमोजिमका माननीय सदस्यहरूले भाग लिनुभयो:

१. माननीय सदस्य जग प्रसाद शर्मा
२. माननीय सदस्य पदम बहादुर परियार
३. माननीय सदस्य तुलसा कुमारी दाहाल
४. माननीय सदस्य युवराज शर्मा
५. माननीय सदस्य रुकमिणी कोइराला

त्यसपछि, **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेले** उक्त छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मतिले** स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१"** माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने ब्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, माननीय गृह मन्त्री रमेश लेखकले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो र सो प्रस्तावमाथिको छलफलमा देहायबमोजिमका माननीय सदस्यहरुले भागलिनुभयोः

१. माननीय सदस्य कृष्ण बहादुर रोकाय
२. माननीय सदस्य रेनु चन्द
३. माननीय सदस्य गोपाल भट्टराई
४. माननीय सदस्य पुजा चौधरी
५. माननीय सदस्य माया प्रसाद शर्मा
६. माननीय सदस्य पदम बहादुर परियार
७. माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा
८. माननीय सदस्य सुरेश कुमार आलेमगर

त्यसपछि, माननीय गृह मन्त्री रमेश लेखकले उक्त छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१"** का सम्बन्धमा विधायन व्यस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या **<u>१ देखि ६</u>** मा उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **<u>सर्वसम्मति</u>**ले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या **<u>१ देखि ६</u>** मा उल्लिखित संशोधनहरू प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **<u>सर्वसम्मति</u>**ले अङ्ग बन्यो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको **दफा २ देखि ८ सम्म** प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ **को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **<u>सर्वसम्मति</u>**ले अङ्ग बन्यो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको देहायको प्रस्तावना र नाम पढेर सुनाउनुभयो।

**"<u>प्रस्तावना</u>:** नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नेपाल नागरिकता (दोस्रो संशोधन) ऐन, **२०८२**" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले अङ्ग बन्यो।

त्यसपछि, माननीय गृह मन्त्री रमेश लेखकले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ **लाई पारित गरियोस्**" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८२ साल भदौ १३ गते शुक्रबार अपराह्न १ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।।

(पद्मप्रसाद पाण्डेय)

महासचिव